Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.

परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION
साप्ताहिक

पानीको सही सदुपयोग गरौं । पानी महसुल समयमै तिरी अनावश्यक जरिवाना बाट बचौं ।

नेपाल खानेपानी संस्थान शाखा कार्यालय देवकोटा चौक विराटनगर

❑ वर्ष ८ ❑ अंक १६ २०७६ कार्तिक २४ गते आईतवार Sunday 10, NOV, 2019 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

## आयोग पास गरेका शिक्षकहरु सम्मानित

विराटनगर । शिक्षक सेवा आयोगले माध्यमिक तह, निम्न माध्यमिक तह र प्राथमिक तहको शिक्षक पदको लागि लिएको लिखित तथा मौखिक परिक्षा उतिर्णहरुलाई मोरंग जहदा गाउँपालिका वडा नं. ३ ले कार्तिक १९ गते मंगलवारका दिन सम्मान गरेको छ ।


जहदा गाउँ पालिकावाट शिक्षक सेवा आयोगमा पास भएका शिक्षकहरु । तस्वीर : श्याम सुन्दर सुतिहार

उक्त सम्मान तथा शुभकामना कार्यक्रमका प्रमुख अतिथी समाजवादी पार्टीका केन्द्रिय सदस्य तथा प्रदेश सांसद जयराम यादव, विशिष्ठ अतिथी जिल्ला प्रहरी कार्यालय मोरंगका एसपी विश्वराज अधिकार, जहदा गाउँपालिका अध्यक्ष कैलाश प्रसाद मण्डलले संयुक्त रुपमा दियो बालेर उद्घाटन गरेको थिए ।

सो अवसरमा प्रमुख अतिथी यादवले भने जसरी जहदा गाउँ पालिकाबाट सम्मानित भई प्रदेश नं. १ का अन्य जिल्लामा गई सेवा गर्दा त्यहांवाट फिर्किदा त्यसैगरी सम्मानित भएर आउन र नियुक्त पाएका विद्यालयमा शिक्षाको उज्यालो फैलाउन भन्दै सुखद कार्यकालको लागि सवैलाई शुभकामना दिएका थिए ।

त्यसैगरी विशिष्ठ अतिथी एसपी अधिकारीले शिक्षक सेवा आयोगवाट पासगरेका शिक्षकहरु आफ्नो कार्यस्थलमा गई शिक्षाको ज्योति फैलाउन आग्रह गदै सफल कार्यकालको लागि शुभकामना दिएका थिए ।

सम्मान तथा शुभकामना कार्यक्रममा जनता उच्च माध्यमिक विद्यालयका प्रअ गंगा प्रसाद मण्डल र सार्वजनिक माध्यमिक विद्यालयका प्रअ अजय कुमार सिंहसमेत ले शुभकामना मन्तव्य दिएका थिए ।

सो अवसरमा जहदा गाउंपालिका मोहन कुमार मण्डल, सिता कुमारी मण्डल, जसो कुमारी राजवंशी, जुगुल टुडु, संगिता राजवंशी, पंकज

वांकी अन्तिम पेजमा...

## रेडक्रस मोरंग शाखाको निर्वाचण तालिकामा विरोध

विराटनगर । नेपाल रेडक्रस सोसाइटी मोरङ शाखाले दुई वर्ष देखि अवैधानिक तरिकाले एकलौटी निर्वाचन प्रक्रिया सुरु गरेको भन्दै रेडक्रस सरोकार समूहले आपत्ती जनाएको छ ।

हिन्दुहरुको महान पर्व दिपावली र छठको विदा परेको दिन कार्तिक ८ गते शुक्रवार निर्वाचण तालिका सार्वजनक गरेपछि सरोकार समूहले विज्ञप्ती जारी गरी विरोध जनाएका छन् ।

रेडक्रसको विधान संशोधनबाट २०७५ पुस ३० मा नयाँ विधान आइसकेको अवस्थामा पूर्व सूचना विना गुपचुपमा गरिएको उपशाखा निर्वाचनबाट छनोट गरिएका पुरानै प्रतिनिधि सम्मिलित गरी गर्न लागिएको रेडक्रस मोरङ शाखा निर्वाचन अवैधानिक हो भन्ने सरोकार समुहको ठहर छ । सोही कारण यसअघि २०७५ माघ १२ मा घोषित निर्वाचन पनि स्थगन भएको दावी गरिएको छ ।

सरोकार समूहले रेडक्रस मोरङमा अनियमितता भएको पनि दाबी गर्दै आएको छ । 'आव २०७५/७६ समय अवधि पनि सकिएको तीन महिना पुगिसकेको अवस्थामा लेखा परीक्षण र साधारण सभा नभई विवादित समितिबाट नै निर्वाचन गराउनु कतिको जायज छ ? पश्न गर्दै रेडक्रस मोरङ शाखा समिति आफ्नो कर्तव्यबाट भागेको प्रष्ट हुन्छ,' विज्ञप्तिमा उल्लेख छ, ।

पुरानै विधानबाट छनोट भएका प्रतिनिधिबाट गरिएको निर्वाचन के कति कारणले बैधानिक हुन सक्छ ?'प्रश्नमा रेडक्रस केन्द्रीय सदस्य एवम् निर्वाचन अधिकृत कृष्ण न्यौपाने, शाखा पदाधिकारी एवम् सदस्य र जिल्ला प्रशासन कार्यालय मोरङलाई जानकारी गराइ सकेको भएपनि कात्तिक २० गते बुधबार उम्मेदवारको नाम दर्ता प्रक्रिया गरिएको थियो ।

रेडक्रसको २०७५ पुस ३० गते जारी संशोधित विधान अनुसार उपशाखा निर्वाचनबाट आएका

वांकी अन्तिम पेजमा...

## पेस्तोल सहित दुई यूवा प्रहरीको फन्दामा

विराटनगर । छठ पर्वको उपलक्ष्यमा सांस्कृतिक साझ तथा नृत्य भई रहेको अवस्थामा उछरिखल व्यवहार गर्ने केही यूवाहरुलाई प्रहरीले नियन्त्रमा लिई खोज तलाश गर्दा ती यूवाहरु मध्ये पेस्तोल सहित दुई जना यूवालाई प्रहरी पक्राउ गरी एको छ ।

घटनाको विवरण अनुसार कार्तिक १६ गते शनिवारका दिन कटहरी गाउंपालिका वडा नं. १ सिघिया खोलाका पूर्वमा रहेको खुल्ला मैदामा भएको सांस्कृतिक कायक्रममा केही उछरिखल व्यक्तिवाट ढुंगा प्रहार भएको थियो ।

सोही स्थानमा परीचालित प्रहरीले ढुंगा फल्ने व्यक्तिको पहिचान गर्ने क्रममा केही यूवाहरुलाई नियन्त्रणमा लिई शरीर खानतलासी गर्दा एक व्यक्तिको साथवाट हतियार तथा गोलि भटिएको थियो । सांस्कृतिक कार्यक्रमलाई तत्कालै समापन गरी ती व्यक्तिलाई जिल्ला प्रहारी कार्यालय मोरंग लगेका थिए ।

उक्त व्यक्ति जिल्ला मोरङ, कटहरी गाउंपालिका वडा नं.२ को सुरज कुमार भन्ने विक्की कुमार भगत भन्ने खुलेको त्यसका साथवाट अटोमेटिक पेस्तोल थान १, सो मा लाग्ने म्यागजिन थान २ र उक्त म्याग्जिनहरूमध्ये पेस्तोलमा रहेको म्यागजिनमा लोड भएको अवस्थामा १ राउण्ड गोलि, सीमकार्ड ५ वटा, ट्याब्लेड १ वटा समेत बरामद गरिएको थियो ।

अनुसन्धानको क्रममा विक्कीले उक्त हतियार तथा गोलि मुकेश कुमार मण्डलबाट प्राप्त गरेको भनी खुलाए अनुसार जिप्रका मोरङबाट खटिएको प्रहरी टोलिले जिल्ला मोरङ धनपालथान गाउंपालिका वडा नं. ७ कदमहा को मुकेश कुमार मण्डललाई कार्तिक १७ गते बिराटनगर महानगर पालिका वडा नं. ७ जलजला चोक नजिकबाट पक्राउ गरी दुवैको मोरंग जिल्ला अदालतवाट म्याद थप गरी थप अनुसन्धान भई रहेको छ ।

## 'याकुरी' जीवनको टर्निङ पोइन्ट : खतिवडा

गोपाल काफ्ले

पथरी । सामाजिक संजालको प्रयोगबाट छोटो समयमा चर्चाको शिखरमा धैरै कलाकारहरु पुगेका छन ।


युटुवले भाग्य न्यौपानेको भाग्य थपिदिएको छ भने टिक टकले टुइएन्स गर्ल प्रिज्मा र प्रिन्सा खतिवडाको भाग्यनै चम्काईदिएको छ । सामाजिक संजालले बाल गायक अशोक दर्जि, गायक टंक बुढाथोकी, कर्यक्रम संचालक सिसिर भण्डारीलाई बालक देखि वृद्धा संम्मको मनमा ठाउं बनाई सकेको छ ।

सामाजिक संजालले कुन बेला कस्लाई कहा पुऱ्याउछ पतै हुदैन । पछिल्लो समय सामाजिक संजाल मार्फत बालबालीका देखि वृद्ध वृद्धा सम्मको मन जित्न सफल भएका अर्का हास्य कलाकार हुन पवन खतिवडा (म्याकुरी) र सरोज घिमिरे यी दुवैले पिके भाईन्स युटुब च्यानलमा भिडियोहरु निर्माण गर्दै कलाकारीतामा छिरेका हुन् । धेरै हास्यब्याङग टेलिसिरियलको स्कृपट लेखनमा सघाउदै आएका म्याकुरी चाडै धुर्मुस सुन्तली द्धारा निर्माण हुदै गरेको ठूलो पर्दाको चलचित्र सेन्टिस भाईरसमा देखा पर्ने भएका छन् ।

यतिबेला सुटिङ र स्टेज प्रोगाममा ब्यस्त रहेका म्याकुरी दर्सकहरुको पहिलो रोजाईका कलाकार बनेका छन । स्टेजमा सुमन घिमीरेको साथमा देखिने म्याकुरी अविवाहित हुन । भविष्यमा युवा पुस्ताले रुचाउने हास्यब्याङ टेलिसिरियलको तयारीमा रहेका छन् ।

धनकुटामा जन्मीएका पवन खतिवडा सानै देखि कलाकारीतामा लगाब भएको खतिवडा. कलाकारीता को नशा भएका कारण ५ वर्ष अगाडी काठमाडौमा भविष्य खोज्दै आएका पवनलाई म्याकुरी थेगोले नै चर्चाको शिखरमा पुऱ्यो पारिवारीक बातावरण नै कलाकारीता र साङगेतिक प्रेमि भएकाले कलाकारीता क्षेत्रमा लाग्न त्यती समस्या भएनन् ।

वांकी अन्तिम पेजमा...



Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



## आयोग...

कुमार साह, चन्दानन्द गोडी, रामनारायण राजवंशी, रजनीकान्त कामत, निराजन महतो, रमेश सरदार, पवन कुमार मण्डल, पंन्चेश्वर मण्डल, दिनाराम मण्डल, रिकेश कुमार मण्डल, दिवाकर राजवंशी, दिन दयाल मण्डल, संजय कुमार साह सम्मानित भएका थिए ।

त्यसैगरी रजानन राजवंशी, दिलिप कुमार साह, मिथलेश साह, अरुण कुमार साह, महिपाल पासवान, सोनेलाल मरण्डी, शम्भु मण्डल, दिपेश राजवंशी, चन्दन कुमार मण्डल, रञ्जन कुमार मण्डल, सुधन कुमार मण्डल, संतोष कुमार मण्डल, संगिता मण्डल, इन्दीरा नेपाली लम्साल, दिपेन्द्र मरण्डी, बैजनाथ सरदार, चन्द्रकिशोर मण्डल, बदन हेमरम समेतलाई सम्मान पत्र, दोसल्ला, कपी, कलम, डायरीले सम्मानित गरेको थियो ।

उक्त सम्मान तथा शुभकामना कार्यक्रम जहदा गाउंपालिका वडा नं. ३ को वडा अध्यक्ष अनिल ठाकुरको अध्यक्षतामा सम्पन्न भएको थियो ।

## पेस्तोल...

पक्राउमा परेका बिक्की कुमार विगत २ वर्ष देखि निज विराटनगरमै रहेको एक कपडा पसलमा रोजगारी गर्ने तथा मुकेश कुमार उदयपुर जिल्लाको रामपुर ठोक्सिलास्थित एक लघुवित्तीय संस्थामा फिल्ड सहायकको रूपमा कार्यरत रहेको र हाल छठ पर्वको मनाउन विदामा रहेको खुलेको छ ।

दुवै जना अवैध हात हतियारको कारोवार गर्ने केही भारतीय तथा नेपाली नागरिकहरूसंग विगत केही समयदेखि सम्वन्ध स्थापित गर्दै आएको प्रारम्भिक अनुसन्धानको क्रममा खुलेको छ ।

## याकुरी...

बलक अवस्थाबाटै साहित्यमा रुचि भएका कारण स्टेज चड्न र कार्यक्रम संचालन गर्न खासै समस्या परेन । बुवा शिक्षक आमा राम्रै गित गाउने भएकाले पवनले पनि केहि समय गायनको कक्षा लिए । म्याकुरी आधुनिक सैलिको कमेडियन भएकाले जहा पनि जति खेर पनि मानिसलाई घोचेर स्याटर हान्न पछि पर्दैन्न । पढाइमा सधै नम्बर १ हुने भएकाले म्याकुरीले ईन्जिनियरिङ पनि पढेको छ ।

छोटो समयमा चर्चामा आए पनि यो उपलब्धी सहजै भने पाएन्न म्याकुरीले यो अवसरका लागि धेरै दु:ख पाएका छन म्याकुरीले . घरबाट ईन्जिनियर बन्न काठमाडौ आएका म्याकुरी काठमाडौमा आएर कति रात भोक भोकै बस्नु परेको थियो । अग्रज कलाकारको नमिठो ब्यावहार संम्झदा अहिले पनि मन रुने गरेको वहांको अनुभव छ ।

## रेडक्रम...

प्रधिनिधिमार्फत रेडक्रस मोरङ जिल्ला साधारण सभा र जिल्ला निर्वाचन हुनु पर्ने माग आफूहरुको रहेको सरोकार समितिले उल्लेख गरेको छ ।

'मानवीय सेवा गर्ने संस्थाको रुपमा रहेको रेडक्रसलाई एकलौटी रुपमा सञ्चालन गरी विधि र विधानलाई लत्याउनु कतिको जायज छ ?,' विज्ञप्तिमा भनिएको छ, 'रेडक्रस मोरङमा भएका अनियमितताबारे जिल्ला प्रशासन र अख्तियारमा मात्र उजुरी नपरी स्वयम् रेडक्रस मोरङ शाखाभित्रै छानविन भइरहको यस अवस्थामा आर्थिक वर्ष २०७५/७६ को लेखा परीक्षण समेत नगरी गरिएको निर्वाचन अवैधानिक भएकोले तत्काल रोक्न जिल्ला प्रशासन कार्यालय मोरङ एवम् सरोकार सबै पक्षलाई अनुरोध गरेका छन् ।

## सचेतना...

सचेतना मुलक कार्यक्रम सम्पन्न गरेको छ ।

स्थानिय बासि, भद्रभलादमी, बुद्वीजिवि, पाट्टी प्रतिनिधी ,सचेत नागरिक गरी अन्दाजी ५०जनाको संख्यामा भेला जम्मा गराई प्रहरी चौकी राजघाट मोरङका प्रसनी सानुराम कार्कीले घरेलु हिंसा,महिला हिंसा, लागु औषध दुव्यर्सहनी तथा बाल(बिवाह,बहु, बिवाह जस्ता विषयमा जानकारी गराएका थिए ।

त्यस्तै गरी मोरङ उर्लाबारी नगर पालिका वडा नं. १ सारदा टोल स्थितमा ईलाका प्रहरी कार्यालय उर्लाबारी मोरङको आयोजनामा समुदाय प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत वडा सदस्य गम्भिर प्रधानको अध्यक्षतामा मलि हिन्सा सम्वन्धी सचेतना मुलक कार्यक्रम सम्पन्न गरेको छ ।

स्थानियबासि, भद्रभलादमी, बुद्वीजिवि, पाटी प्रतिनिधी, सचेत नागरिक भेला जम्मा गराई ईलाका प्रहरी कार्यालय उर्लाबारी मोरङका कार्यालय प्रमुख प्रनि सुभाष राईले घरेलु हिंसा, महिला हिंसा, लागु औषध दुर्ब्यसनी, बाल(बिवाह, बहु-बिवाह, जन-चेतना मुलक कार्यक्रम तथा टोल समिति गठन कार्यक्रम सम्पन्न गरेको छ ।

धुम्रपान र मध्यपान आजै देखि त्यागौं र निरोगी रहौं ।



रेयूकाईको छलफल पछि सामूहिक तस्वीरमा

# पिडाले तडपि रहेकी हिरामडीको नि:शुल्क उपचार



बिराटनगर । पाठेघरको समस्याबाट पीडित मोरङको रतुवामाई नगरपालिका-९ भौडाहाकी हिरामडी सतार दुई महिना देखि छटपटाई रहेकी सतारलाई नोबेल मेडिकल कलेजले निशुल्क उपचार गर्ने भएको छ ।

पैसा नभएकै कारण उपचार नपाएर पीडामा दिनरात तड्पिन बाध्य थिईन । ज्याला मजदुरी गरेर दुई छाक टार्दे आएको सतार परिवारले उपचारका लागि पैसाको जोहो गर्न नसक्दा ३६ बर्षीया हिरामडीको अवस्था निकै पीडादायी थियो ।

उनीहरुको समस्या थाहा पाएर नोबेल अस्पताल सञ्चालक डा. सुनिल शर्माले हिरामडीलाई नोबेल अस्पताल ल्याई सम्पूर्ण खर्च बेहोरेर नि:शुल्क उपचार गरेका छन् ।

उनीहरु सडक छेउको ऐलानी जग्गामा बाासको टहरो बनाएर जिविका चलाउदै आएका छन् । दैनिक ज्याला मजदुरी नगरे साझ चुलो बल्दैन । भोगभोकै बस्नुपर्छ । दुई छाकको जोहो गर्न हम्मेहम्मे हुादै आएको सतार परिवारले हिरामडीको उपचारका लागि अलिअलि भएको पैसा खर्च गर्‍यो । तर, निको भएन । दुई महिना अघिदेखि पीडाले छटपटाई रहेकी उनलाई पैसा नभएकै कारण उपचार गर्न अस्पताल नलगि घरमै राखिएको थियो ।

'अलिअलि भएको पैसा सकियो । पैसा नभएपछि केहि उपाय नलागेर घरमै राख्नु पर्‍यो ।' हिरामणीका श्रीमान जटलामडीले भने 'अन्तिममा सुनिल सरले सवै खर्च बेहोरेर नि:शुल्क उपचार गर्दिनाले निको भयो ।'

स्थानीय तेजप्रसाद भण्डारीले उनीहरुको समस्या डा. शर्मालाई जानकारी गराएर उपचारका लागि पहल गरेका थिए । गरिब, बिपन्न र असहायको सहारा बन्दै आएका डा.शर्माले सतार परिवारको दयनीय अवस्था देखेर उनलाई नि:शुल्क औषधि उपचारको व्यवस्था मिलाई दिएका थिए । त्यत्तीमात्र नभई अस्पताल बसाईका क्रममा बिरामी र कुरुवालाई नि:शुल्क खानाको व्यवस्थासमेत डा.शर्माले नै मिलाईदिए ।

नोबेल अस्पतालमा एक साता भन्दा बढी बसेर उपचार गराएपछि निको भएर अहिले उनले पीडाबाट मुक्ती भएकी छिन् ।

## नगरवासीमा अनुरोध

- मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुराहरू नखाऔं ।
- उपभोक्ता हीत संरक्षणमा चनाखो बनौं ।
- छाला भएको मासु नखाऔं र बिक्री वितरणमा समेत निरूत्साहित गरौं ।
- अखाद्य रंग प्रयोग गरेका खाद्य पदार्थहरूको उपभोग बहिस्कार गरौं ।
- छाडा चौपायाको नियन्त्र गरौ, घरपालुवा चौपायाहरू छाडा नछाडौं ।
- सडक तथा पेटिकिनारामा आवागमनमा अवरोध हुने गरी निर्माण सामाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं ।
- बसोबास स्थल, टोलमा व्यवसायीकरूपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- सवारी साधनहरू तोकिएको स्थानमा मात्र पार्किङ गरौ ।
- बालबालिकालाई काममा हैन विद्यालय पठाऔं ।
- बालश्रम शोषणविरूद्ध आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं ।
- सार्वजनिक स्थलमा जताततै फोहरमैला नफालौं ।
- आफ्नो घर वरपर बिरूवा रोपौं, हरित गाउँ नगरीको रूपमा विकास गरौ
- उपभोक्ता आचारसंहिताको पालना गरौं ।

रंगेली नगर पालिकाको कार्यालय
रंगेली मोरंग,प्रदेश नं.१




## खुल्यो ! खुल्यो !! खुल्यो !!!

सम्पूर्ण विशेषज्ञ सेवा सुविधाको साथमा मलाया रोड विराटनगरमा यही मिति २०७६ साल बैखाख २८ गते देखि **दिव्य ज्योती अस्पताल प्रा.लि.** संचालन ल्याएको सहर्ष जानकारी गराउदछौ ।

**हाम्रो सेवाहरु**

२४ सैं घण्टा ईमरजेन्सी सेवा, दैनिक ओ.पी.डी. सेवा, फिजिसियन सेवा, स्त्री रोग तथा प्रसुति सम्वन्धी ओपीडी सेवा, नव जात शिशु तथा बाल रोग सम्वन्धी सेवा, आँखा जाँच तथा अप्रेसन सेवा, हाडजोर्नी तथा नशा रोग सेवा, मेगौला प्रोस्टेट, मुत्रनली, मुत्रथैली र मुत्ररोग सम्वन्धी विशेषज्ञ सेवा, नाक कान घाँटी सेवा, दाँत मुख सम्वन्धी सेवा, ई.सी.जी . सेवा, डिजिटल एक्स-रे अल्ट्रासाउन्ड (USG), कम्प्यूटर स्वचालित ल्याव, फार्मेसी ।

सम्पर्क
मलाया रोड, विराटनगर, मोरङ्ग फोन नं. ०२१-४७००५०/४७००८५

परिवर्तनको लागि क्राईम अपरेशन Crime Operation साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक:श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-८ कम्प्युटर लेआउट:विजय कु.मण्डल
मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



## सम्पादकीय

## देशको भु–भाग नै लादा किन चुप सरकार ?

नेपालमै बसोवास गर्ने तराई मधेशमा बस्ने मधेसी समुदायले आफ्नो अधिकारकोलागि आफ्नै देशमा आन्दोलन गरि रहँदा शासक वर्ग अर्थात त्यतीवेलाको सरकारको प्रधान मन्त्री केपी ओलीको आदेशमा नेपाल प्रहरी, नेपाली सेना लगायतले मधेशी माथि ताकी-ताकी गोली वर्साउने घटना मधेशी जनताले विर्सेको छैन । तर अहिले नेपालको लिपुलेक, कालापानी लगायतका भू-भाग भारतले आफ्नो नक्शामा पारिदा पनि चुई शव्द पनि प्रधान मन्त्री केपी ओली वोल्न सकेको छैन । बरु नेपाली जनता, धन्य नेपालका विद्यार्थीहरुले भूभागको लागि आन्दोलन गरेपछि सरकारले विज्ञप्त निकालेको छ । के विज्ञप्तीले देशको भूभाग फिता आउँछ ? कुटनीतिक तवरवाट कुरा गर्ने भन्दछ तर कुरा गर्दैन किन ? कही ती भूभाग त ओलीले वेचेको त होइन ? यदि वेचेको छैन भने नेपालका वीर गोर्खाली सेनाले त खुकुरी लिएर अग्रेजलाई धपाएको कुरा किन विर्सिएका छन् । के नेपाली सेनाको नालमा खिया त लागेको छैनना । यदि नेपाली भूभाग फिर्ता गर्ने हो भने त्यही ठाउंमा गएर आन्दोलन गर्ने र भारतीय सेनालाई खेदाउ सम्पूर्ण नेपाली एक जुट हुनै पर्छ ।

हाम्रो समाजमा एउटा कहावत छ 'जहां समस्या त्यही समाधान' मान्छेको जहां घाउ लागेको हुन्छ त्यही महलम लगाउनु पर्छ । जुन अंगमा केन्सर छ त्यही अंगलाई काटेर फालिन्छ । त्यसैले काठमाण्डौमा भिडलगाएर गो व्याक इण्डिया भनेर वा काठमाण्डौमा जोरले भारतलाई गाली दिएर समस्याको समाधान हुँदैन समस्यालाई समाधान गर्नु छ भने नेपाली भूभागलाई भारतीय नक्शामा पारेको ठाउं लिपुलेक, कालापनी मै गएर आन्दोलन छेड्नुको विकल्प छैन । होइन भने सरकारले नाम मात्रको गरे जस्तो गर्ने जनतालाई झुक्याउने काम वन्द गर्नुपर्छ । जनता बोल्ने सरकार चुप लाग्ने भनेको कही टनकपुर जस्तै लिपुलेक, कालापानी त वेचेको होइनी ? नेपाल सरकारले आम जनताको अगाडी धारणा सार्वजनिक गर्नु पर्छ ।

विश्व भरीमा नै नेपाल कसैको गुलामी गरेको छैन अगामी दिनमा पनि गर्ने वाला छैन त्यसैले भारतले पूर्व पश्चिमको सिमामा अतिक्रमण गर्दा मधेशी जनताले खाली हात विरोध गरेर भारतीय सेनालाई फर्काइएको घटना धेरै भएको छैन । जुन प्रकारले नेपाली भूभाग भारतीय नक्शामा पारेको विषयमा प्रधान मन्त्रीले गरेका सर्वदलिय छलफलमा जसरी एक मत भएर अगाडी वढ्न सरकारलाई सुझाव दिएको छ । सोही अनुसार नेपाल सरकारले चाडो भन्दा चाडो सिमा समस्यालाई समाधान गर्न आवश्यक छ । अन्यथा वीर पूर्जाहरुले जोगाएको नेपालको भूमि लोकतन्त्रमा विदेशीले कव्जा गरेको देखेर सरापने छ ।

## साप्ताहिक राशिफल

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ):तपाईका विरोधीहरु परास्त हुनुका साथै मान सम्मान समेत मिल्ने योग रहेको छ। युवकयुवतीहरुका लागि नयां जीवन साथी मिल्ने छ ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो): आर्थिक पक्ष राम्रो रहेकाले व्यपार व्यवसायीवाट राम्रै लाभ मिल्ने तथा पारिवारिक सुख भ्रमणको योग समेत रहेको छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउने योग छ। दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)**:मनमा अनावश्यक तर्ककुतर्कले डेरा जमाउने योग देखिन्छ । गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पु-याएर काम गर्नु होला।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)**: विद्यार्थी वर्गका लागि पढाईमा गहिरो लगाव हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी गराउने योग छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)**: शारिरीक अस्वस्थ्यताका साथै आलस्य बढने योग रहेको छ। नाना तरहका अनावश्क विषयले मानसिक तनाव उत्पन्न गराउने देखिन्छ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)**:परिवारिक चिन्ताले सताउने योग रहेको छ। भने उत्तरार्द्धमा सामान्य वादविवादमा पर्न सम्भावना रहेको छ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू)**: आर्थिक पक्ष सवल रहेको छ। आत्मबल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता वढ्ने छ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)**: मेवा मिष्ठान्नका परिकार प्राप्त हुने बेला छ। कृषि तथा कृषिजन्य व्यवसायमा लाभ हुनेछ ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)**:महिनाको पुर्वाधमा मित्रसहयोग,धनागमन तथा मनोरञ्जनको अवसर मिल्नेछ। भने उत्तरार्धमा मान हानि तथा अपमान आउनसक्ने छ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द)**:सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाईलो यात्राको सुवर्ण अवसर मिल्ने योग रहेको छ।

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)**:शत्रुहरुको शिर निहुरिनेछ । भने वाद विवादमा विजय मिल्ने योग रहेको छ। पेट, आंखा तथा सामान्य शारीरिक अस्वस्थता देखापर्नैछ।

# भ्रमण वर्षमा मधेशलाई कसरी समेट्ने ?

**संगिता रेग्मी**

नेपालले सन् २०२० लाई 'भिजिट नेपाल' वर्षको रूपमा मनाउने निर्णय गरेर त्यसको तयारी अगाडि बढाइरहेको छ । एक वर्षमा २० लाख पर्यटक भित्र्याउने लक्ष्यका साथ सुरू गरिएको 'भिजिट नेपाल' अभियान विभिन्न बाधा र व्यवधान झेल्दै बिस्तारै अगाडि बढिरहेको छ । देशभरी घुम्नपर्ने ठाउँहरूको नाम सार्वजनिक गर्नु, त्यस ठाउँमा जानका लागि हवाई र सडक मार्गको जानकारी संकलन गर्नु, विभिन्न देशहरूमा भ्रमण वर्षको विषयमा केन्द्रित भई मेला, उत्सव, महोत्सवहरूको आयोजना गर्नु, बासस्थानको लागि होटेल, लजको व्यवस्था कस्तो छ भनेर होटेर व्यवयासीहरूसँग छलफल गर्नु, विभिन्न निजी क्षेत्रलाई पनि समेटेर अगाडि बढ्ने योजना बनाउनु जस्ता काम भ्रमण वर्षलाई लक्षित गरी पर्यटन मन्त्रालय र (VNY (Visit Nepal Year) संस्थाले गर्दै आएको छ ।

प्राकृतिक सम्पदाले भरिपूर्ण, धार्मिक र ऐतिहासिक सभ्यताले सम्पन्न रहेको नेपालमा विश्वका धेरै देशहरूबाट पर्यटकहरू आउने गरेका छन् । मुख्यत : मनोरञ्जनका लागि पर्यटकहरू यहा आएता पनि धार्मिक र ऐतिहासिक स्थलहरूको बारेमा जानकारी लिन, राजनीतिक व्यवस्थामा भएको परिवर्तनको विषयमा बुझ्न, खोज तथा अनुसन्धानको गर्नका साथै हाम्रो संस्कृति र पुरातताविक वस्तुहरूलाई हेर्नको लागि बढी पर्यटन आउने गरेका हुन । प्राकृतिक सम्पदाले भरिपूर्ण, धार्मिक र ऐतिहासिक सभ्यताले सम्पन्न रहेको नेपालमा विश्वका धेरै देशहरूबाट पर्यटकहरू आउने गरेका छन् । पर्यटकहरूले यहाँबाट उत्पादित वस्तुहरू चिनोको रूपमा पनि लैजान्छन्, जसबाट पर्यटकीय क्षेत्रको प्रचार प्रसारमा थप टेवा पुग्ने गरेको छ भने त्यस्ता सामाग्रीको बजार पनि प्रबर्द्धन हुने गरेको छ ।

२०७६/७७ को बजेटमा संघीय सरकारले पर्यटन क्षेत्र विकासका लागि २ अर्ब ६८ करोड बजेट विनियोजन गरेको छ भने साहसिक पर्यटन गतन्व्यको रूपमा विश्वमा स्थापित गरिने गरी विभिन्न कार्यक्रमहरू पनि बजेटमा समेटिएको छ । यो बजेट पर्यटनको प्रचार प्रसार र प्रवर्द्धन गर्नका लागि साथै पर्वतारोहण पर्यटन, धार्मिक पर्यटन, साहासिक पर्यटन, सांस्कृतिक पर्यटन जस्ता थुपै विधाको विकास गर्न यो बजेट छुट्याइएको छ । संघीय व्यवस्था अपनाइसकेको हाम्रो मुलकले स्थानीय, प्रदेश र संघीय सरकारको समन्वयमा पर्यटन क्षेत्रको विकास गर्न सक्ने हो भने त्यसबाट देश विकासका लागि आधार तय हुन सक्ने निश्चित छ ।

> तराई/मधेश र विशेष गरी प्रदेश २ पर्यटकीय स्थलहरू र पर्यटनका सम्भावनाहरूको धनी क्षेत्र हो । झापादेखि कञ्चनपुरसम्म दर्जनौं चर्चित पर्यटकीय स्थलहरू रहेका छन् । झापाको कन्काई धाम कोटीहोम, अर्जुनधारा, जामुनखाडी सिमसार क्षेत्र, सतासीधाम, इलामको चियाबारी, सुनसरीको भेडेटार र कोशी टप्पु वन्यजन्तु आरक्ष हुन् । त्यस्तै प्रदेश २ मा पर्ने जनकपुरधाम, छिन्नमस्ता, पर्सा बन्यजस्तु आरक्षण, धनुषसागर, गंगासागर, चितवनको चितवन राष्ट्रिय निकुञ्ज, प्रदेश ५ अन्तर्गत लुम्बिनी, सिद्धबाबा धाम कैलाली कञ्चनपुरमा शुक्लाफाँटा वन्यजन्तु आरक्ष आदि तराई/मधेशमा पर्ने पर्यटकीय हिसाबले महत्वपूर्ण स्थानहरू हुन् ।

तराई/मधेश र विशेष गरी प्रदेश २ पर्यटकीय स्थलहरू र पर्यटनका सम्भावनाहरूको धनी क्षेत्र हो । झापा देखि कञ्चनपुर सम्म दर्जनौं चर्चित पर्यटकीय स्थलहरू रहेका छन् । झापाको कन्काई धाम कोटीहोम, अर्जुनधारा, जामुनखाडी सिमसार क्षेत्र, सतासीधाम, इलामको चियाबारी, सुनसरीको भेडेटार र कोशी टप्पु वन्यजन्तु आरक्ष हुन् । त्यस्तै प्रदेश २ मा पर्ने जनकपुरधाम, छिन्नमस्ता, पर्सा बन्यजस्तु आरक्षण, धनुषसागर, गंगासागर, चितवनको चितवन राष्ट्रिय निकुञ्ज, प्रदेश ५ अन्तर्गत लुम्बिनी, सिद्धबाबा धाम कैलाली कञ्चनपुरमा शुक्लाफाँटा वन्यजन्तु आरक्ष आदि तराई/मधेशमा पर्ने पर्यटकीय हिसाबले महत्वपूर्ण स्थानहरू हुन् ।

हिमाली तथा पहाडी जिल्लामा पर्यटन व्यवसायबाट स्थानीय जनताले राम्रो आम्दानी गर्न थालिसकेको परिप्रेक्षमा मधेशमा त्यो संस्कृतिको अझ राम्ररी विकास हुन सकेको पाइदैन । घुम्न आएका पर्यटकलाई आफ्नो ठाउँमा कसरी टिकाउने र उनीहरूलाई मनोरञ्जन दिएर कसरी आफ्नै ठाउँमा खर्च गर्न लगाउने भन्ने विषयमा न त स्थानीय जनताले सोचेको पाईन्छ न पर्यटन प्रवर्द्धनका लागि प्रदेश सरकारले नै ठोस कदम चालेको देखिन्छ ।

आन्तरिक पर्यटन प्रवर्द्धनका लागि भन्दै जेठ ४ गतेदेखि लुम्बिनी भ्रमण वर्ष आरम्भ भयो । संघीय सरकारले घोषणा गरेको नेपाल भ्रमण वर्षको पूर्वतयारीस्वरूप प्रदेश ५ सरकारले भ्रमण वर्ष २०७६ घोषणा गरेको हो । भ्रमण वर्षका लागि प्रदेश सरकारले ४ करोड १९ लाख बजेट विनियोजन समेत गरेको छ तर लुम्बिनी घुम्न आएका पर्यटक त्यहाँ नबसेर भारतको बिहार लगायतका स्थानमा रात बिताउन किन जान्छन् भन्ने विषयमा प्रदेश सरकारको ध्यान जान जरूरी छ । लुम्बिनी विकास कोषका अनुसार सन् २०१८ मा १६ लाखभन्दा धेरै पर्यटक मायादेवी मन्दिर प्रवेश गरे । त्यसमध्ये ५ प्रतिशतले मात्र लुम्बिनीमा रात बिताउने गरेको पाइएको छ । लुम्बिनी विकास कोष भित्र रहेको तीन वर्ग माइल क्षेत्रभित्र बुद्धसँग सम्बन्धित पुरातात्विक स्थलहरू रहेका छन् छन् । केन्द्रीय नहरको दायाँ-बायाँ विभिन्न मुलुकका बिहार छन् । स्तुप र अशोक स्तम्भ घुमिसकेपछि त्यहा भन्दा अन्य ठाउँमा जानका लागि न कुनै सवारी साधनको सुविधा छ न अन्यन्त्र घुमेर समय बिताउने ठाउँ नै छ । यतातिर प्रदेश सरकारको ध्यान जान आवश्यक छ ।

लुम्बिनी पछि प्रदेश २ मा पर्ने जनकपुर धार्मिक हिसाबले महत्वपूर्ण पर्यटकीय स्थान हो । भारतबाट मात्र हजारौं पर्यटक यहाँ आउने गरेका छन् । उनीहरूलाई जनकपुर लगायत प्रदेश २ का अन्य स्थानहरू घुमाउन सकेमा कत्तिमा २ दिन यहीं टिकाउन सकिन्छ तर उनीहरू बिहान आएर बेलुका फकर्ने गरेको पाईन्छ । जनकपुरमा बासस्थानको मुख्य समस्या रहेको देखिन्छ । आफूले खाजेको जस्तो होटेल, लजको व्यवस्था नहुने भएपछि अधिकांश पर्यटकहरू त्यहाँ नबसी अयन्त्र ठाउँमा जाने गरेका छन् । जनकपुर बाहेक प्रदेश २ को बाराको गढीमाई मन्दिर, रौतहटको शिवनगर मन्दिर, बडेवाताल, राजदेवी मन्दिर, छिन्नामस्ता, जलेश्वर मन्दिर जस्ता धेरै धार्मिक स्थलहरू यहाँ रहेका छन् । प्रदेश २ सरकारले धार्मिक पर्यटनलाई मात्र प्रबर्द्धन गर्न सक्ने हो भने यो प्रदेश एउटा नमुना प्रदेशको रूपमा विकास हुनसक्छ तर यो क्षेत्रको विकासका लागि न संघीय सरकारले ध्यान दिएको पाईन्छ न प्रदेश सरकारले नै ध्यान दिएको छ ।

ऐतिहासिक, सांस्कृतिक तथा पुरातात्तित्वक दस्तावेजले बाराको सिम्रौनगढलाई इतिहासको खुल्ला संग्रहालयको रूपमा लिने गरिएको

वांकी पेज ५ मा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर महा न.पा. ५२२२३६

### अस्पताल

कोशी अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि. ०२१-५३६९४१, ५२२८७७ एम्बुलेन्स ९८०२७५३७१७, ९८०२७५३७०६

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.का. ४३५००१
जिल्ला प्रहरी कार्यालय ५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर ५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली ८०१००/८०१३०
इ.प्र.का. उर्लाबारी ५४०००२
सिमा प्रहरी चौकी ४३५८४०

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



## भ्रमण...

छ । बलि नचढाइने संसारकै एकमात्र हिन्दु धर्मावलम्बीको शक्तिपीठको नामले परिचित कंकाली मन्दिर यसै क्षेत्रमा पर्छ ।१२ औं शताव्दीमा तत्कालीन राजा शिवसिंहद्वारा निर्माण गरिएको महत्वपूर्ण राष्ट्रिय सम्पदा रानीबास मन्दिरले पनि आफ्नो छुट्टै पहिचान बोकेको छ । राष्ट्रकै सबभन्दा ठूलो पोखरा '५२ बिघा झरौखर पोखरा'ले पनि यसलाई थप रौनकता प्रदान गरेको छ । यस नगरकै हरिहरपुरमा अवस्थित एक विशाल पत्थरको बाकसको आफ्नै रहस्यमय सन्दर्भ छ। यस्तो ऐतिहासिक स्थल सिम्रौनगढलाई प्रदेश २ सरकारले राजनीतिक गर्ने थलोको रूपमा प्रयोग मात्र गर्ने गरिन्छ । पर्यटन वर्ष २०२० लाई ध्यानमा राखेर पर्यटन बोर्डले कात्तिकमा सार्वजनिक गरेको घुम्नैपर्ने स्थानहरूको सूचीमा सिम्रौनगढ पनि पर्दछ । सिम्रौनगढ जस्तो ऐतिहासिक ठाउँको विकास र प्रचारप्रसारमा कुनै कमि हुन दिनुहुँदैन ।

लहानमा रहेको फुलबारीमा एउटा यस्तो फुल छ जुन वैशाख १ गते मात्र फुल्ने गर्छ र त्यो दिन त्यहाँ ठूलो मेला लाग्ने गर्छ त्यो ठाउँको प्रचारप्रसार कहिल्यै भएको सुनिदैंन । यदि त्यो ठाउँको प्रचार हुने हो भने मधेशको पर्यटनको लागि एउटा कोशेढुंगा सावित हुनसक्छ । त्यही सप्तरीमा रहेको स्वम्भुनाथमा रहेको शिवको मुर्ती दिनानुदिन बढ्दै जान्छ भन्ने पनि किम्बदन्ती रहेको छ । त्यहा वैशाखको पहिलो सातादेखि १ महिना मेला लाग्छ । तराई मधेशमा यस्ता धेरै स्थानहरू रहेका छन् जसको आजसम्म न कुनै प्रचार-प्रसार भएको छ घुम्न चाहनेहरूले आफैं खोजेर वा आफन्तको सहायताले त्यस्ता ठाउँहरू पुग्ने गर्छन् । मधेशमा यस्ता धेरै पर्यटकीय स्थलहरू छन् जो पर्यटकको पर्खाइमा बर्षौंदेखि बसिरहेका छन् अब त्यस्ता पर्यटकीय स्थनाहरूको खोजी गर्ने समय आएको छ । प्रचार-प्रसारमा ध्यान दिने र पूर्वाधार विकासमा केही पहल गर्ने हो भने मधेशका पर्यटकीय स्थानहरूले नेपाल भ्रमण वर्ष २०२० मा ठूलो योगदान दिनसक्छ । (मधेश दर्पण फिचर सेवा)

## मगही भाषा

### जनकपुर महान कहाइल छै

आइक नला देखैछी त , जेमहर तेमहर भराइ छै,

आई नालक पाइन सुगन्धसे, जनकपुर महान काहइल छै-२

नलक पाइन निकास नै, भ, डगहरबाटपर छिटाईल छै,

ओही पायनक छिटाका सँ, जनकपुर महान कहलाइल छै-२

डगहर बाटक अजरापजरा छतक घरसे तोपाइल छै,

ओही घरक भरा खा-खा, घर पट्टी खुब मोटाइल छै-२

आयक नारीके देखैछी त, साडी छोइर क,

जीन्स या भेष्ट लगवमे व्यस्त छै ।

जनकपुरके जनकी मन्दिर नाम स,

जनकपुर महान कहाइल छै-२

फैसन कारने लोग सब अइय कपडा बिन उघार छै,

ओहीमे मौकाके फाइदा लुइट मछर खुब मोटाई छै-२

डोजरके सट्टा माइट खन लेल सुगरके भिराइल छै,

जनकपुर दासा देखैछी त , जनकपुर महान कहाइल छै-२

परिक्रमा रोडक खण्डमे, गरदा खुब उघायाल छै,

रोडक बजेट खा-खा क नेता खुब जुआइल छै ।

तैयो इ जनकपुर महान कहाइलछै-२

**फुलगेन महतो**

# हार्दिक श्रद्धाञ्जली







**स्व. ललिता देवी साह**

**स्वर्गबास:वि.स २०७६ कार्तिक १४ गते विहीवार**

नेपाल पत्रकार महासंघ मोरंग शाखाका सदस्य, क्राईम अपरेश साप्ताहिकका प्रवन्ध निर्देशक, बृहत मधेशी नागरिक समाजका महासचिव तथा इन्टर नेशनल प्रेस क्लवका अध्यक्ष प्रिय मित्र सिरहा जिल्ला लक्ष्मीपुर पतारी गाउँपालिका वडा नं. ३ घर भई हाल विराटनगर महानगर पालिका वडा नं. १२ बखरी बस्ने हिरालाल साहको आमा ललिता देवी साहको वि.स.२०७६ साल कार्तिक ८ गते विहीवारका दिन ७६ वर्षको उमेरमा असामयिक स्वर्गारोहणले सम्पूर्ण परिवार अत्यन्त मर्माहत तथा दु:खित् भएका छन् । यस दु:खद् घडीमा शोक सन्तप्त परिवारलाई धैर्य धारण गर्ने शक्ति मिलोस् भन्ने कामना सहित दिवंगत आत्माको चीरशान्तीको कामना गर्दै हार्दिक समबेदना प्रकट गर्दछौं ।





**क्राईम अपरेशन साप्ताहिक परिवार**
**बृहत मधेसी नागरिक समाज परिवार**
**इन्टर नेशनल प्रेस क्लव परिवार**
**मधेसी पत्रकार समाज मोरंग**

## हार्दिक अनुरोध

जन्मदर्ता बालबालिकाको पहिलो अधिकार हो । जन्म, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद, मृत्यु दर्ता जस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं ।

**व्यक्तिगत घटना दर्ता कहाँ गर्ने ?**

- जन्म, मृत्यु, विवाह, बसाई-सराई र सम्वन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरु घटेको ३५ दिन भित्र आफू बस्ने गाउँपालिकाका कार्यालयमा गई दर्ता गराउनु पर्छ ।

**कसरी गर्ने ?**

गाउंपालिकामा निशुल्क पाईने फारम भरी घटना घटेको मितिले ३५ दिन भित्र घटना दर्ता गराउनु पदंछ ।

**व्यक्तिगत घटना दर्ता कसले गराउने**

- जन्म तथा मृत्युको घटना दर्ता परिवारका मुख्य व्यक्तिले ।
- विवाह दर्ता, पति-पत्नी दुवैले ।
- सम्बन्ध विच्छेद, पति वा पत्नीले ।
- बसाई सराई, परिवार भए मुख्य व्यक्तिले र व्यक्ति भए बसाई सराई गरी जाने व्यक्तिले ।

**धनपालथान गाउँ पालिकाको कार्यालय मोरंग**

## खुल्यो ! खुल्यो !! खुल्यो !!!

**सम्पूर्ण विशेषज्ञ सेवा सुविधाको साथमा वर्षै भरी डाईविटीज र प्रेसरको नि:शुल्क जाँच गर्ने विराटनगरको घोघापुल चौक विराटनर-९ मा २०७६ साल असोज १ देखि जनरल हस्पिटल एण्ड ट्रमा केयर सेन्टर प्रा.लि. संचालन ल्याएको सहर्ष जानकारी गराउँदछौं ।**

विशेषज्ञ सेवाहरु :- फिजिसियन तथा कार्डियोलोजि सेवा, हार्ड जोडनी तथा नशा र बाथ रोग, नवजात शिशु तथा बालरोग, प्रसुती तथा स्त्री रोग, नाक, कान तथा घाँटी रोग, दन्त तथा मुख रोग,छाला कुष्ठ तथा यौन रोग, फिजियोथेरापी, मानसिक तथा नशा रोग, किड्नी पत्थरी तथा मुत्र रोग, आइ.सी.यू , एन.आइ. सी.यू, पि आइ.सी.यू, भेनटिलेटर, एक्सरे, अल्ट्रासाउण्ड, सर्जरी, इन्डोस्कोपी, टि.एम.टी, इकोकार्डियोग्राफी, होल्टर, इ.सी.जी.,ई.ई.जि., समान्य स्वास्थ्य परिक्षण र मधुमेहको परामर्श सेवा उपलब्ध छ ।

**जनरल हस्पिटल एण्ड ट्रमा केयर सेन्टर प्रा.लि.** सम्पर्क : ०२१-४४०४०६०

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



# अयोध्या भूमि विवाद पर उच्चतम न्यायालय के फैसले के मुख्य अंश

नयी दिल्ली, नौ नवंबर (भाषा) अयोध्या में विवादित राम-जन्मभूमि बाबरी मस्जिद भूमि विवाद मामले में उच्चतम न्यायालय की संविधान पीठ ने अपने ऐतिहासिक फैसले में समूची २.७७ एकड जमीन को सर्वसम्मति से राम लला विराजमान को देने का फैसला सुनाया, जिसके मुख्य अंश हैं : (विवादित जमीन का हक राम लला विराजमान को दिया जायेगा, जो मामले में तीन पक्षकारों में से एक है । (जमीन केंद्र सरकार के रिसीवर के पास ही रहेगी । (राजस्व रिकार्ड के अनुसार विवादित भूमि सरकारी जमीन है । (उच्चतम न्यायालय ने मस्जिद निर्माण के लिये मुस्लिमों को वैकल्पिक भूखंड आवंटित करने का निर्देश दिया ।

बाबरी मस्जिद को किसी खाली जमीन पर नहीं बनाया गया था, छह दिसंबर, १९९२ को बाबरी मस्जिद ढहाया गया । (न्यायालय ने कहा कि पुरातात्विक साक्ष्य को एक विचार के तौर पर पेश करना, भारतीय पुरातत्व सर्वेक्षण (एएसआई) के लिये बहुत नुकसानदेह होगा । ( न्यायालय ने कहा कि तथ्य यह है कि ढहाये गये ढांचे के नीचे एक मंदिर था जिसे एएसआई ने प्रमाणित किया है । (नीचे का ढांचा कोई इस्लामिक ढांचा नहीं था। ( एएसआई ने हालांकि यह साबित नहीं किया कि मस्जिद निर्माण के लिये मंदिर को ढहाया गया। (हिंदू इस स्थान को भगवान राम का जन्मस्थल मानते हैं, वहीं मुस्लिम भी विवादित स्थल के बारे में यही (आस्था और धर्म के आधार पर मालिका हक को मान्यता नहीं मिल सकती है, ये ये विवाद निपटाने के लिये संकेत की तरह हैं। ( विवादित स्थल के हक में मुस्लिमों ने कोई सबूत पेश नहीं किया । (मुस्लिमों का स्थल के बाहरी अहाते पर कब्जा नहीं था ।

(उत्तर प्रदेश सुन्नी सेंट्रल वक्फ बोर्ड अयोध्या विवाद में अपना मामला साबित नहीं कर पाये हैं । ( इसके विपरीत, हिंदुओं ने अपना मामला रखा कि बाहरी अहाते पर उनका कब्जा था । (बाबरी मस्जिद को नुकसान पहुंचाना कानून का उल्लंघन है । (फैसला सुनाने वाली संविधान पीठ में प्रधान न्यायाधीश रंजन गोगोई, न्यायमूर्ति एस ए बोबडे, न्यायमूर्ति डी वाई चंद्रचूड, परमहंस रामचंद्र दास ने भी पूजा करने का अधिकार देने और अब के ढहाये गये ढांचे के मुख्य गुंबद के नीचे मूर्ति की स्थापना के लिये मुकदमा दायर किया । (याचिका वापस ले ली गयी । (विवादित २.७७ एकड जमीन के प्रबंधन एवं “शेबैती” (उपासना) के अधिकार का अनुरोध करते हुए निर्मोही अखाडा ने १९५९ में निचली अदालत में वाद दायर किया । ( इसके बाद उत्तर प्रदेश सुन्नी सेंट्रल वक्फ बोर्ड ने १९६१ में मुकदमा दायर कर विवादित संपत्ति पर मालिकाना हक का दावा किया ।

(राम लला विराजमान की तरफ से इलाहाबाद उच्च न्यायालय के पूर्व न्यायाधीश देवकीनंदन अग्रवाल और जन्मभूमि ने १९८९




(प्रमुख स्थान पर मस्जिद निर्माण के लिये सुन्नी वक्फ बोर्ड को पांच एकड उपयुक्त जमीन दी जाये । ( केंद्र तीन महीने के भीतर योजना बनाये और मंदिर निर्माण के लिये ट्रस्ट की स्थापना करे । (न्यायालय ने समूची विवादित जमीन पर नियंत्रण का अनुरोध वाली निर्मोही अखाडा की याचिका खारिज कर दी । ( केंद्र, उत्तर प्रदेश सरकार अधिकारियों द्वारा भविष्य की कारवाई पर एकसाथ नजर रख सकते हैं । (न्यायालय ने केंद्र को निर्देश दिया कि अगर सरकार को ठीक लगे तो वह निर्मोही अखाडा को ट्रस्ट में प्रतिनिधित्व दे सकती है । (न्यायालय ने कहा कि निर्मोही अखाडा का मुकदमा कानून में निर्धारित समयसीमा के बाहर था, जो कोई शेबैती या राम लला का उपासक नहीं था (राम जन्मभूमि कोई कानूनी व्यक्ति नहीं है ।

कहते हैं । (हिंदुओं की आस्था कि भगवान राम का जन्म इसी विवादित स्थल पर हुआ था, यह अविवादित है । (सीता रसोई, राम चबूतरा और भंडार गृह की मौजूदगी स्थान के धार्मिक तथ्य के गवाह हैं ।

(सबूत बताते हैं कि हिंदुओं का कब्जा बाहरी अहाते पर था । ( स्थान के बाहरी अहाते पर हिंदुओं की पूजा का व्यापक स्वरूप है । ( सबूत बताते हैं कि मुस्लिम मस्जिद में जुमे की नमाज अदा करते थे जो यह संकेत है कि उन्होंने अपना मालिकाना हक नहीं खोया। (मस्जिद में नमाज अदा करने में बाधा के बावजूद सबूत यह भी बताते हैं कि वहां नमाज होती रही । १८५६/१८५७ में उस जगह पर लोहे की रेलिंग बनायी गयी, जो यह बताता है कि उस स्थान पर हिंदुओं ने पूजा करना जारी रखा । न्यायमूर्ति अशोक भूषण और न्यायमूर्ति ए अब्दुल नजीर मौजूद थे । (सुबह साढे १० बजे से फैसला सुनाना शुरू हुआ, जो करीब ४५ मिनट तक चला । २०१० के इलाहाबाद उच्च न्यायालय के फैसले के खिलाफ उच्चतम न्यायालय में १४ याचिकाएं दायर की गयीं । इलाहाबाद उच्च न्यायालय ने चार दीवानी मुकदमों में का निपटारा करते हुए कहा कि अयोध्या में २.७७ एकड जमीन तीनों पक्षों सुन्नी वक्फ बोर्ड, निर्मोही अखाडा और राम लला में बराबर-बराबर बांट दी जाये ।

(शुरू में निचली अदालत में पांच मुकदमे दायर किये गये । पहला मुकदमा १९५० में “राम लला” के उपासक गोपाल सिंह विशारद ने दायर किया था, जिसमें विवादित स्थल पर हिंदुओं को पूजा करने का अधिकार दिये जाने का अनुरोध किया गया था । (उसी साल में वाद दायर कर समूची विवादित संपत्ति पर यह कहते हुए मालिकाना हक मांगा कि भूमि का अपने आप में देवता है और यह “न्यायिक व्यक्ति” है । ( विवादित राम जन्मभूमि(बाबरी मस्जिद ढांचे के छह दिसंबर, १९९२ को गिराये जाने के बाद देश में भडके दंगे के बाद फैसले के लिये सभी मुकदमों को इलाहाबाद उच्च न्यायालय भेज दिया गया । (छह अगस्त को उच्चतम न्यायालय ने मामले में रोजाना सुनवाई शुरू की क्योंकि मामले में शुरू की गयी मध्यस्थता की प्रक्रिया किसी सौहार्दपूर्ण प्रस्ताव पर पहुंचने में नाकाम रही थी । (पीठ ने ढ्रण दिन की लंबी सुनवाई के बाद १६ अक्टूबर को फैसला सुरक्षित रखा । (यह आर्टिकल एजेंसी फीड से अ'टो( अपलोड हुआ है । इसे नवभारतटाइम्स.का'म की टीम ने एडिट नहीं किया है ।) नवभारत टाईम्स

# दुर्घटनामा बाबु-छोरीको मृत्यु

विराटनगर । सवारी दुर्घटनामा मोटर साईकलमा सवार भएको बाबु छोरीको मृत्यु भएको छ ।

घटनाको विवरण अनुसार विराटनगरबाट ईटहरीतर्फ गई रहेको को १ ख ७२३२ नं. को यात्रुबाहक बस र विपरित दिशाबाट विराटनगरतर्फ आई रहेको को २७ प १०२२ नं.को मोटरसाईकल जिल्ला मोरङ बुढिगंगा गाउपालिका वडा नं. ३ शान्तिचोक स्थित सेन्चुरी मसला उद्योगको मुलगेट निर एक आपसमा ठक्कर खाँदा सो दुर्घटना भएको थियो ।

मृत्यु हुनेमा मोटरसाईकलमा सवार मोरंग जिल्ला बुढिगंगा गाउंपालिका वडा नं. ४ को डा. सुवालाल माझी र छोरी अन्जली कुमारी माझी गम्भीर घाईते भई उपचारको क्रममा विराट शिक्षण अस्पतालमा मृत्यू भएको थियो ।

मृतक दुवैको शव कोशी अंचल अस्पतालमा पोष्टमार्टम पश्चात आफन्तले सदगतको लागि लाश बुझी लगेको थियो भने बस र बस चालकलाई अनुसन्धानको लागि जिल्ला प्रहरी कार्यालयमा राखि घटना बारे अनुसन्धान भई रहको छ ।

# मदिरा बनाउने कच्चा पदार्थ बरामद

विराटनगर । ईलाका प्रहरी कार्यालय बेलबारीबाट खटिएको प्रहरी टोलीले जिल्ला मोरङ सुन्दरहरैचाले अवैद्ध रुपमा घरेलु मदिरा वनाउन प्रयोग हुने कच्चा पदार्थ बरामद गरेको छ ।

सुन्दर हरैचा वडा नं. १० को भित्री सडक खण्डमा उत्तरबाट दक्षिणतर्फ आउदै गरेको को.२ ह.४४५५ न.को अटोरिक्शा चेकजाँच गर्दा अबैध घरेलु मदिरा बनाउन प्रयोग हुने कच्चा पदार्थ ३ सय ५० केज अन्दाजी मूल्य १ लाख वरावरको पदार्थ फेला परेका हो ।

जिल्ला मोरङ केराबारी गाउँपालिका वडा नं. १० को अटो चालक मन बहादुर लिम्बु र कमला लिम्बुलाई मदिरा बनाउने कच्चा पदार्थ सहित नियन्त्रणमा लिई आवश्यक कारवाहीको लागि आन्तरिक राजस्व कार्यालय विराटनगरमा बुझाएका छ ।

# खाना पकाउँदा घरमा आगलागी

विराटनगर । घरमा खाना पकाई रहको वेला आगलागी हुंदा घरको सरसमान पुर्ण रुपमा नष्ट भई करी एक लाख वरावरको क्षति भएको छ ।

जिल्ला मोरङ सुनवर्सी नगर पालिका वडा नं. ८ बिश्वकर्मा कुरेली बस्ने अखुन खातुनको घरमा सोमवार आगलागी भएको थियो ।

फुसको छाना, बासको टाटीबेरा र खम्बा भएको भुई तले घरमा खाना पकाउने क्रममा अचानक आगलागी भएको थियो । आगलागीको खवर प्राप्त हुन साथ प्रहरी चौकी सिक्टी बाट प्रहरी टोली खटिई गरई स्थानियवासीहरुको सहयोगमा आगो नियन्त्रमा लिएका थिए ।

क्त आगलागीबाट घर र घर भित्र रहेको अन्नपात, भाडाबर्तन, लत्तापकपडा समेत जली नष्ठ भएको थियो ।

त्यसैगरी रंगेली नगर पालिका वडा नं. ७ पेट्रोल पम्प स्थित रंगेली कर्सिया सडक खण्डमा पश्चिमवाट पूर्वतर्फ आउदै गरेको मे ३ प १९४८ नं.का मोटर साईकलमा पेट्रोल पम्पमा पेट्रोल भरी जादै गर्दा मोटर साईकलको तार सर्ट भई अचानक आगलागी भएको थियो । सो आगो प्रहरी र स्थानीय वासीले निभाएका थिए ।

# मृत अवस्थमा मानिस फेला

विराटनगर । जिल्ला मोरङ केराबारी गाउपालिका ६ स्थित पानीको कुलोमा एक जना पुरुष मानिस मृत अबस्थामा फेला परेको छ ।

घटनाका विवरण अनुसार मृत अवस्थामा रहेको खवर पाए पछि इलाका प्रहारी कार्यालय केरावारीका प्रहरी नायव निरीक्षकको कमाण्डमा खटिएको टोलीले घटना स्थल पुगेका थए ।

जिल्ला झापा बुधबारेको बरुण तामाङ पानी सहितको कुलोमा घोप्टो परी मृत अबस्थामा फेला पारी आवश्यक कानूनी प्रकृया पूरा गरी लाश पोष्टमार्टमको लागि स्वास्थ चौकी मंगलबारे पठाई थप अनुसन्धान भईरहको छ ।

धुम्रपान र मध्यपान आजै देखि त्यागौं र निरोगी रहौं ।



